# आदर्श गाउँपालिका
## Aadarsh Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

प.सं. : २०८३/०८४
च.नं. :

मौवा नगरदह डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

### चमेनागृह संचालन गर्न दरभाउ पेश गर्ने सम्बन्धी सूचना
### दोस्रो पटक प्रकाशित मिति : २०८३।०५।०९

यस गाउँपालिका कार्यालयको लागि क्यान्टिन संचालन गर्नुपर्ने भएकोले इच्छुक योग्य व्यक्तिहरुले गाउँपालिकालाई तिर्ने भ्याट सहितको भाडा देहायको शर्तहरुको अधिनमा रही रीतपूर्वकको दरभाउ पत्र पेश गरिएको छ ।

१. दरभाउ पत्र खरिद गरी इच्छुक फर्महरुले सम्वन्धित फर्महरुको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको लिखित निवेदन पत्र साथ रु. १,०००।(एक हजार) (फिर्ता नहुने गरि) हिमालयन बैंकमा रहेको राजश्व खाता नं. १२०५१२७६७६००३९ मा जम्मा गरेको भौचर पेश गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको दरभाउ पत्र यो सूचना प्रकाशित भएको ८ औं दिनको १२:०० बजे भित्र यस गाउँपालिकाको नाममा सम्बोधन गरी दरभाउ पत्र पेश गर्नेको नाम, ठेगाना र फोन नम्बर उल्लेख गरी छाप लगाई, सिलबन्दी लाहाछाप लगाई रकमको विवरण समेत उल्लेख गरी यस गाउँपालिकामा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउ पत्रहरु सोहि दिनको १:०० बजे दरभाउ पंत्रदाता वा निजले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

३. म्याद नाघेको वा रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

४. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

५. क्यान्टिनका लागि आवश्यक फर्निचरहरुको व्यवस्था पालिकाले व्यवस्था गर्नेछ ।

६. भाडा वापतको मासिक रु. ५,०००। (पाँच हजार मात्र) पालिकालाई उपलब्ध गराउनु पर्नेछ र धरौटी वापत रु.२०,०००। (विस हजार मात्र) हिमालयन बैंकमा रहेको धरौटी खाता नं. १२०५१२७६७६००६७ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

७. बोलपत्र सम्बन्धी सूचना यस गाउँपालिकाको website www.aadarshamun.gov.np मा समेत हेर्न सकिनेछ । अन्य केही कुरा बुझ्न परेमा गाउँपालिकाको कार्यालयमा आई बुझ्न सकिनेछ ।

८. होटेल व्यवसायीहरुसँग सम्वन्धित सम्पूर्ण कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ ।

प्रमुख-प्रशासकीय अधिकृत